# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०० | बुटवल | २०८३ साउन १२ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday July 28, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔ ।
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं ।

**बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**


# नेपालको पहिलो आधुनिक सुरुङमार्ग सञ्चालनमा

२०६६/६७ मा सम्भाव्यता अध्ययन गर्दा क्रमशः झलनाथ खनाल र डा. बाबुराम भट्टराई प्रधानमन्त्री थिए। २०७६ कात्तिक ४ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेका थिए। त्यसपछि प्रचण्ड प्रधानमन्त्री हुँदा मुख्य टनेलको ब्रेक थ्रु भएको थियो।




**लुम्बिनी संवाददाता**

*बुटवल*

सात वर्षअघि निर्माण कार्य सुरु गरिएको काठमाडौंको नागढुङ्गा सुरुङमार्ग सोमबारदेखि सञ्चालनमा आएको छ। २९ अर्ब रुपैयाँ लगानीमा जापानी प्रविधिमा निर्माण भएको यो नेपालकै पहिलो आधुनिक सुरुङमार्ग हो। यो सुरुङमार्गको आर्थिक वर्ष २०६६/६७ मा सम्भाव्यता अध्ययन गरिएको थियो। त्यतिवेला क्रमशः झलनाथ खनाल र डा. बाबुराम भट्टराई प्रधानमन्त्री थिए।

सुरुङमार्गको २०७६ कात्तिक ४ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेका थिए । त्यसपछि पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा छिचोलिएको थियो। नेपालका लागि जापानी राजदूत मायदा तोरु र जाइका अध्यक्ष डा. तानाका अकिहिकोको उपस्थितिमा पूर्वाधार विकासमन्त्री सुनील लम्सालले सुरुङमार्गको उद्घाटन गरेका हुन्। पहिलो चरणमा आपत्कालीन प्रयोजनमा प्रयोग हुने सवारीले सुरुङ प्रयोग गर्न पाउँछन्। त्यसपछि चरणबद्ध रूपमा अन्य निजी र सार्वजनिक सवारीले सुरुङ मार्गको प्रयोग गरेर काठमाडौं आउजाउ गर्न पाउने छन्।

विसं. २०७६ कात्तिक ४ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सुरुङ निर्माणको शिलान्यास गरेका थिए। प्रारम्भिक सम्झौताअनुसार यसको निर्माण ४२ महिनामा सकिनुपर्ने थियो। कोभिड-१९, मुआब्जा विवादलगायत कारणले निर्माणमा ढिलाइ भयो। मुख्य सुरुङको लम्बाइ २.६८ किलोमिटर छ। यसबाहेक २.५५७ किलोमिटरको आपतकालीन सुरुङ छ।

पैदलयात्री, दुई पाङ्ग्रे सवारी, डिजेल, पेट्रोलसहित प्रज्वलनशील पदार्थ ढुवानी गर्ने सवारी सुरुङ मार्गभित्र चल्न पाउँदैनन्। सुरुङ प्रयोग गर्न सवारी धनीले शुल्क तिर्नुपर्छ। काठमाडौं भित्रिँदा र बाहिरिँदा कार र भ्यानले क्रमशः ६५ र ६० रुपैयाँ तिर्नुपर्छ। मिनीबस, टिपरले भित्रिँदा ११५, बाहिरिँदा ८० रुपैयाँ, बस र ट्रकले भित्रिँदा २६०, बाहिरिँदा २०० रुपैयाँ तिर्नुपर्ने हुन्छ। यसबाहेक हेभी ट्रकले भित्रिँदा ६०० र बाहिरिँदा २५० रुपैयाँ तिर्नुपर्नेछ। जापान सरकारको साढे १६ अर्ब र नेपाल सरकारको ६ अर्ब लगानीमा यो सुरुङ निर्माण गर्ने गरी सम्झौता भएको थियो। तर, निर्माणको चरणमा प्रवेश गरेपछि लागत बढ्यो। यसपछि जापानले फेरि पाँच अर्ब ऋण सहायता थपिदिएको थियो। यो आयोजना निर्माणको ठेक्का जापानको हाज्मा आन्दो कर्पोरेसनले लिएको थियो।

५.६७ किलोमिटर लामो मार्गमा २ हजार ६८८ मिटर लामो मुख्य सुरुङमार्ग निर्माण गरिएको छ। यो मार्ग गुर्जुधारा फ्लाइओभरबाट सिस्नेखोलासम्म पुग्छ। सुरुङमार्ग सञ्चालनमा आएपछि धादिङको नौबिसेदेखि काठमाडौं प्रवेश गर्ने दूरी करिब चार किलोमिटर छोटिइनेछ। साथै, नागढुङ्गा सडकखण्डमा हुने घण्टौं लामो जाम तथा धुलो, पहिरो र दुर्घटनाको जोखिम पनि कम हुने भएको छ। दुर्घटनाको जोखिमलाई ध्यानमा राखेर सुरक्षाका उपायहरू अपनाई नागढुङ्गा सुरुङमार्ग निर्माण गरिएको नागढुङ्गा टनेल अपरेसन एन्ड मेन्टिनेन्सकी प्रवक्ता जिज्ञासा अधिकारीले बताइन्। सुरुङमार्गमा कार, जिप, माइक्रोबस, मिनिबस, ट्रक तथा ४.७५ मिटरभन्दा कम उचाइ भएका सवारी साधनलाई मात्र प्रवेश दिइने प्रवक्ता अधिकारीले बताइन्। तर, डिजेल, पेट्रोल, ग्यास बुलेट तथा पशुपक्षी बोकेका सवारी साधन भने प्रवेश भने निषेध गरिएको छ।

आयोजनाअन्तर्गत मुख्य सुरुङसँगै २ हजार ६८८ मिटर लामो छुट्टै उद्धार (इभ्याकुएसन) मार्ग पनि निर्माण गरिएको छ। यसबाट मुख्य सुरुङमा कुनै दुर्घटना, आगलागी वा अन्य आपत्कालीन अवस्था आएमा सवारी चालक र यात्रुलाई सहज र सुरक्षित रूपमा बाहिर निकाल्न सकिन्छ। यसका लागि मुख्य सुरुङ र उद्धार मार्गलाई जोड्ने सात वटा आपत्कालीन निकास ढोका निर्माण गरिएको छ। ती ढोका हरेक ३७५ मिटरको दूरीमा रहेका छन्।

त्यस्तै दुर्घटनावश आगलागी हुँदा आगो निभाउनका लागि ५५ वटा फायर हाइड्रेन्ट, ६६ वटा फायर डिटेक्टर तथा हरेक ५० मिटरमा आगो नियन्त्रण प्रणाली जडान गरिएको छ। सुरुङमार्गमा आगलागी भएमा डिटेक्टरले स्वतः ट्राफिक कन्ट्रोल रुममा सूचना पठाउने र अलार्म बज्ने व्यवस्था गरिएको छ। मार्गमा धुवाँ वा प्रदूषण बढेमा सुरुङमार्गमा जडान गरिएको जेट फ्यान धुवाँधुलो नियन्त्रणका लागि स्वतः सञ्चालन हुने प्रणाली पनि राखिएको छ। सुरुङमार्गभित्र भूकम्पीय जोखिमलाई ध्यानमा राख्दै विशेष प्रकारका ड्रेनेज पाइप जडान गरिएको छ। जुन पाइप दबाबका कारण खुम्चिए पनि आफैं पूर्व अवस्थामै फर्किने प्रविधि प्रयोग गरिएको प्रवक्ता अधिकारीले बताइन्। सुरुङमार्ग प्रवेश गर्नुअघि बाहिर सवारी चालकले टोल प्लाजाबाट अनिवार्य रूपमा शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ। शुल्क सङ्कलनका लागि इलेक्ट्रोनिक टोल कलेक्सन र रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन प्रणाली जडान गरिएको छ। जहाँ कम्प्युटरले सवारी साधनको प्रकार स्वतः पहिचान गरी सोही अनुसार शुल्क निर्धारण गर्नेछ।

उक्त प्लाजा टोल पार गरेपछि सुरुङमार्ग प्रवेश गर्दा चालकले अनिवार्य रूपमा हेडलाइट बाल्नुपर्ने प्रवक्ता अधिकारीको भनाइ छ। सुरुङभित्रको प्रकाश बाहिर भएको उज्यालोको मात्राअनुरूप स्वतः घटबढ हुने भएकाले चालकलाई एक्कासि प्रकाशको अन्तर महसुस नहुने व्यवस्था गरिएको छ।

» बाँकी ३ पेजमा

# प्रेस स्वतन्त्रता सेनानी ज्ञवालीको निधन



बुटवल । रुपन्देहीका अग्रज पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी अर्जुन ज्ञवालीको उपचारका क्रममा निधन भएको छ । तिलोत्तमाको शंकरनगरका स्थायी बासिन्दा ८० वर्षीय ज्ञवालीको काठमाडौंको बीएण्डबी अस्पतालमा उपचारका क्रममा आइतबार राति निधन भएको हो। उनी केही समयदेखि मुटु र फोक्सोको रोगले बिरामी भएर उपचाररत थिए।

अर्घाखाँचीबाट रुपन्देही बसाईसराइ गरेका ज्ञवाली शान्ति नमूना माविमा नेपाली विषयको शिक्षक समेत थिए । शिक्षण पेशासँगै ज्ञवालीले लामो समयसम्म पत्रकारितामा बिताए । ज्ञवालीले लुम्बिनी राष्ट्रिय दैनिकमा नियमित लेख रचना प्रकाशन गर्दथे।

खासगरी राष्ट्रियता र देशभक्तिको पक्षमा उनको कलम प्रखर ढंगले चल्थ्यो। यस्तै उनी राष्ट्रिय समाचार समितिमा पनि लामो समय काम गरे भने लुम्बिनी सन्देश साप्ताहिकको सम्पादक भएर पनि काम गरे। बुटवलबाट प्रकाशन हुने जनसंघर्ष दैनिकलगायत विभिन्न पत्रिकाहरुमा ज्ञवालीका लेखहरु प्रकाशित हुने गर्दथे। उनी पत्रकारिताको प्रशिक्षक पनि थिए। सरल भाषामा लेखन शैलीका कारण उनका लेख रचनाहरु पाठकका लागि रुचिकर हुन्थे। ज्ञवाली प्रेस स्वतन्त्रता सेनानीबाट सम्मानित पनि भएका थियो भने पत्रकारिता क्षेत्रमा योगदान गरे वापत विभिन्न संस्थाबाट सम्मानित र पुरस्कृत पनि भएको नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्व अध्यक्ष मोहन चापागाईंले बताए।

स्वर्गीय ज्ञवालीका एक श्रीमती, एक छोरी र दुई छोरा तथा ६ जना नातिनातिना छन्। स्वर्गीय ज्ञवालीको सोमबार पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ। उमेरले ८ दशक पार गर्दाम्म पनि ज्ञवाली लेखनमा सक्रिय थिए।

पत्रकारिता उनका लागि पेशा कहिल्यै बनेन, जनताको आवाजलाई शब्द दिने, आन्दोलनको धड्कन सुन्ने, राज्यका निर्णयमाथि प्रश्न उठाउने र समाजका घाउलाई अक्षरमार्फत् उजागर गर्ने साहसिक यात्रा बनेको थियो। पञ्चायतकालीन शासनको कठोर परिवेशदेखि भारतमा सिकेको पत्रकारिता, जनआन्दोलन, महाकाली सन्धि, माओवादी द्वन्द्व हुँदै लोकतान्त्रिक आन्दोलनसम्मका ऐतिहासिक घटनाक्रमका बारेमा ज्ञवालीले जनपक्षीय कलम निरन्तर चलाइरहे।

ज्ञवालीले २०२४ सालदेखि पत्रकारिता सुरु गरेका थिए। पत्रकारिताका दौरान ज्ञवाली एकैचोटि रिपोर्टर, प्रुफ रिडर र सम्पादक पनि थिए, अर्थात् समाचार लेख्ने, शुद्धाशुद्धी मिलाउने, सम्पादकीय लेख्ने र पत्रिका बाँड्ने काम पनि आफैंले गरेका थिए। पत्रकारितासँगै साहित्यिक संगतले पनि उनको व्यक्तित्व र लेखनशैलीलाई परिष्कृत बनाएको थियो। विशेषगरी साहित्यकार / पूर्व एमाले नेता मोदनाथ प्रश्रितसँगको निकटताले उनको भाषामा सरलता र प्रभावशीलता थपिएको ज्ञवालीलाई नजिकबाट चिनेकाहरु बताउँछन्। ज्ञवालीको पत्रकारिता यात्राको सबैभन्दा महत्वपूर्ण मोडमध्ये एक महाकाली सन्धि थियो।

» बाँकी ३ पेजमा

# सुनसरी घटनाको जिम्मा सरकारले लिनुपर्छ : कांग्रेस



बुटवल । प्रमुख विपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुनसरीको देवानगञ्ज नगरपालिका-३, कप्तानगञ्जमा भएको घटनाको जिम्मेवारी सरकारले लिनुपर्ने बताएका छन्। उनले शान्ति-सुरक्षा कायम गर्न नसक्नु गृह मन्त्रालयको कमजोरी भएको भन्दै गृहमन्त्रीले घटनाबारे जवाफ दिनुपर्ने बताएका छन्।

सोमबार सामाजिक सञ्जालमार्फत् धारणा सार्वजनिक गर्दै आङ्देम्बेले दुई जनाको मृत्यु र दर्जनौं घाइते भएको घटनाप्रति दुःख व्यक्त गरेका छन्। मृतकप्रति श्रद्धाञ्जली, शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनले घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गरेका छन्। आङ्देम्बेले सरकारले आफ्नो संवैधानिक दायित्व पूरा गर्न नसकेको आरोप लगाएका छन्। शान्ति-सुरक्षा कायम गर्न नसक्नु गृह मन्त्रालयको कमजोरी भएको उनको भनाइ छ। उनले भने-'यो घटनाको जवाफ गृहमन्त्रीले दिनुपर्छ। शान्ति, सुव्यवस्था कायम गर्न नसक्नु गृह मन्त्रालयको कमजोरी हो र यो घटनाको जिम्मेवार सरकारले लिनुपर्छ।'

आङ्देम्बेले पछिल्लो समय सरकारप्रति नागरिकमा असन्तोष बढ्दै गएको पनि उल्लेख गरेका छन्। उनले भने-'पछिल्लो समय सरकारप्रति नागरिकहरूमा तीव्र असन्तोष पैदा भएको छ। परिणामतः आत्मदाह गर्ने जस्ता भयावह घटना बारम्बार दोहोरिएको छ।'

आङ्देम्बेले हिंसा, आगजनी, तोडफोड र प्रतिशोधबाट कुनै पनि समस्याको समाधान नहुने भन्दै सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेका छन्।

» बाँकी ३ पेजमा

# लुम्बिनीमा कांग्रेस मन्त्रीहरूको राजीनामा 'होल्ड'

बुटवल । लुम्बिनी प्रदेश सरकारबाट बाहिरिन संसदीय दलको नेतालाई राजीनामा बुझाएका नेपाली कांग्रेसका मन्त्रीहरुको राजीनामा 'होल्ड' भएको छ। नेकपा एमाले र नेकपाबिच प्रदेश सरकारमा सहकार्य गर्ने लिखित सहमतिपछि लुम्बिनी सरकारमा सहभागी कांग्रेसका पाँचजना मन्त्रीले आइतबार पार्टी संसदीय दलका नेता डिल्लीबहादुर चौधरीलाई राजीनामा पत्र बुझाएका थिए।

तर दल नेता चौधरीले मन्त्रीहरुको राजीनामा होल्ड गरेर मुख्यमन्त्री चेतनारायण आचार्यसँग र अन्य दलहरुसँग राजनीतिक संवाद अघि बढाएका छन्।

कांग्रेस प्रमुख सचेतक जमुना ढकालले कांग्रेसबाट मन्त्री बनेकाहरूले आइतबार नै आफ्नो संसदीय दलको कार्यालयमा राजीनामा बुझाएका, तर दल नेताले मुख्यमन्त्री आचार्यसँग छलफल गरेर राजीनामा बुझाउने वा नबुझाउने टुंगो लाग्ने बताइन्।

'मन्त्रीहरुको राजीनामा मुख्यमन्त्रीलाई नबुझाई संसदीय दलको कार्यालयमै होल्ड गरिएको छ,' ढकालले भनिन् -'आफ्नो प्रदेशको अवस्थाअनुसार अघि बढ्न पार्टी केन्द्रबाट आएको निर्देशनअनुसार मन्त्रीहरूको राजीनामा रोकेर आन्तरिक तथा अन्य दलसँगको छलफलमा दल नेता जुट्नुभएको छ।'

कांग्रेसबाट सरकारमा सहभागी मन्त्रीहरूको राजीनामाका विषयमा भने अझै 'पर्ख र हेर'को अवस्था रहेको चौधरीले बताए। सबै विकल्पमा जान तयार भएकाले मंगलबार (साउन १२) सम्म कसरी जाने भन्ने विषयमा छलफल जारी रहने चौधरीले जनाए।

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सेनाले केन्द्रमा सहमति भए पनि प्रदेशमा एमाले र नेकपाबिच सरकार गठनबारे कुनै ठोस निर्णय नभएकाले पनि दल नेता चौधरीले अन्य विकल्पमा जान सकिने देखेर राजीनामा होल्ड गरेको हुनसक्ने बताए।

'हामीले त संसदीय दलको कार्यालयमा राजीनामा पत्र हिजै (आइतबार) पठाएको हो, दल नेताले अन्य विकल्पमा जान सकिने देखेर नै होल्ड गर्नुभयो होला,' उनले भने-'दलले गर्ने निर्णयअनुसार जुनसुकै विकल्पमा जान हामी तयार छौं।'

लुम्बिनी प्रदेश सरकारमा कांग्रेसबाट सहरी विकास तथा खानेपानीमन्त्री सरोज थापा, आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने, सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सेना र वन तथा वातावरणमन्त्री देवकरण कलवार सहभागी छन्।

» बाँकी ३ पेजमा

# दीपक भट्टको निवेदनमा कैफियत प्रतिवेदन माग

बुटवल। बैंकिङ कसुर र सम्पत्ति शुद्धीकरण मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका व्यवसायी दीपक भट्टले दायर गरेको निवेदनमा सर्वोच्च अदालतले कैफियत प्रतिवेदन माग गरेको छ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले उच्च अदालत पाटन र विशेष अदालतबाट भट्टलाई थुनामा पठाउनुको कारण र आधारसहितको प्रतिवेदन (कैफियत प्रतिवेदन) मगाउने आदेश दिएको हो।

भट्टले आफूलाई पुर्पक्षका लागि थुनामा पठाउने उच्च अदालत पाटन र विशेष अदालतको आदेश बदरको माग गर्दै शुक्रबार सर्वोच्चमा निवेदन दिएका थिए।

दुई वटा अदालतबाट भएको उक्त आदेश बदरको माग गर्दै भट्ट गत शुक्रबार सर्वोच्च अदालत पुगेका थिए। भट्टविरुद्ध दुईवटा फरक-फरक मुद्दामा ठुलो बिगो दाबी गर्दै मुद्दा दायर भएको थियो। सम्पत्ति शुद्धीकरण विभागले २०८१ चैत १९ गते भट्टलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो। बैंकिङ कसुरअन्तर्गत ४२ करोड १४ लाख ८८ हजार ८०७ रुपैयाँ बिगो कायम गर्दै दायर भएको मुद्दामा भट्टलाई गत असार ५ मा उच्च अदालत पाटनका न्यायाधीशद्वय ऋषि राजभण्डारी र सोमकान्त मैनालीको संयुक्त इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो।

त्यस्तै सम्पत्ति शुद्धीकरणअन्तर्गत २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार, ५९ रुपैयाँ ६८ पैसा बिगो कायम गर्दै दायर मुद्दामा विशेष अदालतले असार ३ गते विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो।

तल्लो अदालतको आदेशबाट थुनामा रहेका भट्टले उक्त आदेश कानुनसम्मत नभएको दाबी गर्दै सर्वोच्च पुगेका हुन्। अब सर्वोच्चले कैफियत प्रतिवेदन प्राप्त भएपछि थुनामै राख्ने वा धरौटीमा छाड्ने भन्ने विषयमा सुनुवाइ गर्नेछ।


## सार्वजनिक सूचना

## विज्ञापन प्रकाशन सम्बन्धी दररेट

बुटवलबाट प्रकाशित लुम्बिनी राष्ट्रिय दैनिक, **मेचीकाली राष्ट्रिय दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, दैनिक पत्र राष्ट्रिय दैनिक र नवतिलोत्तमा दैनिकको मिति २०८३ साल साउन ७ गतेदेखि लागू हुने गरी विज्ञापन प्रकाशनसम्बन्धी न्यूनतम दररेट कायम गरिएको सबैमा जानकारी गराइन्छ।**

**यस व्यवस्थाबाट विज्ञापनदाताहरूलाई समान, पारदर्शी, विश्वसनीय तथा व्यवस्थित सेवा उपलब्ध हुने विश्वास लिएएको छ।**

**न्यूनतम विज्ञापन दररेट (संक्षेपमा)**

| | विज्ञापन तथा सूचना | न्यूनतम दर |
|---|---|---|
| १. | हार्दिक बधाई तथा शुभकामना, समवेदना, श्रद्धाञ्जली तथा व्यवसायिक विज्ञापन | रु.१०० ( प्रति सी. सी.) |
| २. | हराएको सम्बन्धी सूचना (राहदानी, नागरिकता, बीमा, शैक्षिक प्रमाणपत्र आदि तथा अदालत, कम्पनी रजिष्ट्रार, बैंक तथा वित्तीय संस्था, कानुनी, सार्वजनिक, आवश्यकता तथा सहकारी सम्बन्धी सूचना | रु.३,००० (प्रति सूचना) |
| ३. | सरकारी तथा सार्वजनिक खरिद, बोलपत्र, आशयपत्र तथा प्रस्ताव आवहान सम्बन्धी सूचना | विज्ञापन बोर्डबाट स्वीकृत दररेटअनुसार |
| ४. | बैंक तथा वित्तीय संस्थाका कर्जा तथा धितो लिलामी सूचना | रु.१०० (प्रति सी.सी.) |
| ५. | सरकारी तथा स्थानीय तहका जनहितका सूचना तथा वन सम्बन्धी सूचना र पेन्सनपट्टाको सूचना | ५,००० (न्यूनतम) |

**उल्लेखित दररेटमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) अतिरिक्त लाग्ने छ।**

**लुम्बिनी राष्ट्रिय दैनिक, मेचीकाली दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, र नवतिलोत्तमा दैनिक पत्रिकाहरुको ग्राहक शुल्क २०८३ साल श्रावण महिनादेखि लागू हुने गरी प्रतिदिन रु. १० (दश रुपैयाँ) कायम गरिएको छ।**

**बुटवलबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाहरू**

दैनिक लुम्बिनी

## सम्पादकीय

# सामाजिक सद्भाव कायम गरौँ

सुनसरीको कप्तानगञ्ज घटनाको व्यवस्थापन गर्न संयमित ढंगले पहलकदमी नलिने हो भने सामाजिक सद्भाव खल्बलिन सक्छ। एउटा सामान्य घटनाबाट सल्केको हिंसाको प्रभाव देशभर विस्तार हुने जोखिम छ।

विषय र घटना ठूलो होइन्, बोलबम यात्राका क्रममा डिजे बजाएको विषयमा दुई पक्षबिच भनाभनले उग्र रुप लिँदा सुनसरीको कप्तानगञ्ज तनावग्रस्त भएको छ। प्रहरीको गोली लागेर एक जनाको ज्यान गएको छ। झडपमा नौ सर्वसाधारण र १३ सुरक्षाकर्मीसहित २२ घाइते भएका छन्। घाइते सर्वसाधारणको शरीरको विभिन्न ठाउँमा गोली लागेको छ। अहिले सर्वसाधारण उग्र बन्नुको कारण हो, प्रहरीले मनपरी गोली चलायो। घाइतेको शरीरका विभिन्न ठाउँमा लागेको गोलीले प्रहरीले संयमता गुमाएको देखिन्छ। सुरक्षाकर्मीको काम भीड नियन्त्रण र शान्ति सुरक्षा कायम गर्ने हो। मुख्य जिम्मेवारी पूरा गर्ने शिलशिलामा हुने कमजोरीले कहिलेकाही परिस्थिति नियन्त्रण बाहिर जान सक्छ।

साउने सोमबारका लागि बोलबम यात्रामा निस्कन लागेको एउटा समूहले डीजे बजाएको विषयमा आइतबार राति करिब ९ बजे दुई पक्षबिच विवाद सुरु भएको थियो। सामान्य भनाभनबाट सुरु भएको विवाद छोटो समयमै उग्र बन्यो। दुवै पक्षबाट लाठी, ढुंगा र भाला प्रहार भएको प्रहरीको भनाइलाई मान्दा प्रदर्शन उग्र भएको छ। भिडले स्थानीयका घर, मेडिकल पसल र सवारीसाधनमा तोडफोड गर्नुका साथै आगजनीको प्रयास भयो। स्थिति भड्किएपछि संयमता अपनाउन सर्वपक्षीय अपील जारी भएको छ।

सरकारले सुनसरीका सीडीओ र प्रहरी प्रमुखलाई फिर्ता बोलाएर नयाँ व्यक्तिलाई पठाएको छ। सुरक्षा संयोजनको जिम्मेवारी पूरा नगरेको भन्दै कोशीका प्रहरी प्रमुख विनोद घिमिरेलाई फिर्ता बोलाएर शेखर खनाललाई पठाइएको छ। सुरक्षा निकायका प्रमुखहरुको सरुवाले मात्रै समस्या समाधान हुने होइन, त्यो तत्कालको मल्हमपट्टी हुनसक्छ। समस्याको जड समाजमा बढ्दै गएको अराजकता र खल्बलिएको सामाजिक सद्भाव हो। मुलुकमा बढेको चरम निराशाले पनि सामाजिक एकता खल्बलिएको छ। सरकारले बढ्दो निराशालाई चिर्न विधिमा टेकेर थिति बसाल्न ध्यान दिनुपर्छ। विधिलाई बेवास्ता गर्दा थिति बस्न सक्तैन्। सामाजिक सद्भावका लागि आक्रोश र घृणाको राजनीति होइन्, आपसी मेलमिलाप र हार्दिकताले काम गर्छ। समाजमा घृणाको राजनीति हावी हुँदै जाँदा बिथोलिएको समाजलाई लयमा ल्याउन सहकार्य र मेलमिलापको राजनीतिलाई जोड दिनुपर्छ। राजनैतिक दलबिच चुनावमा प्रतिस्पर्धा र आरोप प्रत्यारोप हुनसक्छ, तर सरकारले अहिले प्रतिशोधपूर्ण ढंगले जुन क्रियाकलाप गरिरहेको छ, त्यसले समाजमा इगो, कुण्ठा र आक्रोश बढाएको छ। अहिलेको इगो, कुण्ठा र आक्रोशलाई त्यागेर सहकार्य र मेलमिलापको बाटोतिर नलाग्ने हो भने समाजमा अझै दरार देखिनेछ।

यो घटनामा जसरी समाज भड्किएको छ, यो भड्काउका लागि उग्र र अराजक राजनैतिक गतिविधि जिम्मेवार छ। अब विगतका कमजोरी आत्मसात गरौं, समाजमा आक्रोशको आगो बढ्द नदिन सबै मिलेर अघि बढ्न आवश्यक छ। सामाजिक सद्भाव बिथोलिँदा मुलुकले नोक्सानी बाहेक केही पाउँदैन्। सुनसरी घटनाको निष्पक्ष छानबिन गरी आगामी दिनमा यस्ता घटना दोहोरिन नदिनका लागि कार्ययोजना बनाएर अघि बढ्न गृहप्रशासनले पहलकदमी लिनुपर्छ।

# सुशासन करायो विकास र समृद्धि डरायो !



**झपेन्द्र जिसी**

देशमा सुशासनै सुशासन होस्। राज्य सरकार सुशासक होऊन्। जनप्रतिनिधि पारदर्शी होऊन्। हाम्रो देश नेपालले विकास र समृद्धिमा फट्को मारोस्।

यो पंक्तिकारलाई नेपालको राज्य सरकारको गुनगान गाउन मन छ। आरती उतार्न मन छ। गाथा गाउन मन छ। कर्खा गाउन मन छ।

तर गाथा गाउने, गाथा लेख्ने विषय पाएको छैन। के मा गाथा लेख्ने ? के मा कर्खा लेख्ने ?

७३ वर्षको उमेरमा चल्दैछु। कताकता गल्दैछु। तैपनि विकास, समृद्धि र सुशासन देख्ने उत्कृष्ट रहर छ। त्यही रहरले मलाई बचाइरहेको छ जस्तो लाग्छ।

कसैको विरोध गर्ने र कसैको विरुद्धमा लेख्ने बोल्ने मन छैन।

राज्य सञ्चालकहरु कुशासन भए, ती कथित कुशासकबाट सुशासन हुँदैन भनेर २०८२ भाद्र २३ र २४ मा अघि अघि विद्यालय ड्रेसमा झोला बोकेका विद्यार्थी नानी बाबु र पछि-पछि हाल आफूलाई आएर सुशासक मानिनेहरु २०८२ फागनु २१ को निर्वाचनपछि त कथित कुशासन रहने भनिएको सत्ता कुर्सीमा पुग्न सफल भए र आफूलाई सुशासकका रुपमा प्रचारित गरे। ती निर्दोष मतदाताहरु आफ्नो मतले सुशासकहरुलाई सत्ताका गद्दीमा राख्न सकेकोमा मख्ख परे। मख्ख मात्र परेनन् पुराना पार्टी र प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र ल्याउन झण्डै ७०/७२ वर्ष संघर्ष गरेका, त्याग गरेका पार्टीका नेता कार्यकर्तालाई झोले, भ्रष्टाचारी, कुशासक भनी गाली गर्न थाले। त्यो गाली गर्ने प्रवृत्ति अहिलेसम्म छ। विजय उन्मादले निरन्तरता पाएको छ।

नयाँ सरकार प्रमुख, गृहमन्त्री लगायतले शपथ गरेको भोलि बिहान कुखुराको भाले नबास्दै पूर्व प्रधानमन्त्री र पूर्व गृहमन्त्रीलाई अपहरण शैलीमा डेरा-घर सशस्त्र प्रहरी सैनिकद्वारा घेराबन्दी गरी प्रहरी हिरासतमा लगी राखियो। आखिर अनियमितताका खास कसुरको अभावमा उनीहरु रिहा भए। यो क्रम जारी छ। पूर्व अर्थमन्त्री तथा एमाले उपाध्यक्ष पार्टी निर्माणका सिलसिलामा सुर्खेत गएको बखत एरेष्ट गरी काठमाडौं प्रहरी कस्टडीमा हप्तौं दिन राखिएको पाइयो। पछि साधारण तारिखमा छाडियो भन्ने सुनियो।

नबुझेको कुरा यही छ कि ठोस कसुर र ठोस अपराधविना किन गिरफ्तार गरी प्रहरी कस्टडी वा थुनामा राखिन्छन् ? नागरिकहरु अहिले यस्तै प्रश्न गर्दै मात्र छैनन्। कुन बेला को गिरफ्तार हुने हो आफैं पनि त्रस्त देखिन्छन्।

राष्ट्र सेवक कर्मचारीहरुले भकाभक राजीनामा दिएर घरतिर लागे भन्ने सुनिदैछ भने अर्कोतर्फ लोकसेवा आयोगको फारम त्यस पटक नभराउने, परीक्षा पनि नलिने भन्ने खबरले अलमल बनाउने नै भयो ?

क्या हो सुशासन ? विज्ञ सुशासक राज्य सरकारले नै बुझ्ने कुरा हो। सर्वसाधारणले के बुझ्ने ? कसरी बुझ्ने ?

शिक्षामा कर, भ्याट, स्वास्थ्यमा कर भ्याट पनि लाग्दैछ रे भन्न सुनिन्छ।

निजी तथा सामुदायिक मिडियालाई विज्ञान नदिनु, सरकारी विज्ञापन सबै सरकारी मिडिया गोरखापत्र, दि राइजिङ नेपाल, नेपाल टेलिभिजन आदिलाई मात्र दिनु भन्ने सुशासकको हुकुमकाविरुद्ध सर्वोच्च अदालत गुहार्न पुगेका मिडियाकर्मी संस्थाको गुहारलाई मध्यनजर गरी सर्वोच्च अदालतले सरकारी निर्णयलाई कार्यान्वयन नगर्नु भनी फैसला भएपछि मिडियाले त्राण पाएका छन्। प्रमाण पाउन बाँकी छ।

सुकुम्वासीलगायत अन्य क्षेत्रको सुशासन ? लगायतको चर्चा गर्नै परेन।

जान्ने र पीडा भोग्नेलाई थाहा छँदैछ।

सुशासन सरकार गठन भएको धेरै समय भएको छैन। नेपाली जनता आफ्नो गाउँको खानेपानी, बाटोघाटो, स्वास्थ्य र सफाइ आदि चाँडो होस् गुणस्तरीय शिक्षा र स्वास्थ्य सके निःशुल्क होस् नभए सुलभ होस् भन्ने चाहाना छ।

आज आफूलाई सुशासक हौं भन्नेहरुले हिजोका कुशासक र भ्रष्टाचारी भनी हिलो छ्यापिएकाले सुरु गरेका काम पूरा गर्नै थालेका योजनाहरु कहिले पूरा हुन्छन् ? यसबारे के हुँदैछन्। कतै योजनाका बजेट त काटिएनन् यस्ता प्रश्नहरु पनि उठिरहेका छन् ?

सुनिन्छ, कतिपय जिल्लाका बहुवर्षीय योजनाहरु काटिए भन्ने ! यस्तो त होइन होला भन्ने यो पंक्तिकारको बुझाइ हो। यसको बुझाइमा तुषारापात नभए हुन्थ्यो।

जे होस् पाल्पा देवीनगरदेखि निस्किएको तिनाउ नदी बुटवलको देवीनगर हुँदै दक्षिणतिर र अन्त्यमा भारततिर बगिरहेको छ। तिनाउको शिरदेखि पुच्छारसम्मका समग्र विकास योजना के के होलान् ? योजनाहरु कथित कुशासकहरुले प्रस्तावित गरेको भए पनि र अहिलेका सुशासकहरुले राखेका योजनाहरु किन नहोऊन् ती सबै तोकिएकै समय अवधिमा पूरा हुनुपर्छ भन्ने जनताको भनाइ छ।

अन्त्यमा देशमा सुशासनै सुशासन होस्। राज्य सरकार सुशासक होऊन्। जनप्रतिनिधि पारदर्शी होऊन्। हाम्रो देश नेपालले विकास र समृद्धिमा फट्को मारोस्।

देशमा झिलिमिली झाइँ होस्। तिलिमिली ताइँ नहोस्। टिओबी लगायत विदेशीहरुको ताण्डव नृत्य अब हेर्न र देख्न नपरोस्। साँच्चै हाम्रो सिंह दरबारहरु खरानी पार्न तम्सेका टिओबी जस्तालाई यो सुशासक सरकारले कस्तो कारबाही गर्ला ? हेर्न मन छ। तर जनता भन्दै छन्-सुशासन करायो ! विकास र समृद्धि हरायो !

# दलविरोधी भाष्य र बहुदलीय लोकतन्त्रको नयाँ संकट



**सर्वेश शर्मा**

दलप्रतिको असन्तुष्टिको आवेगमा लोकतान्त्रिक संस्थाहरूप्रतिको विश्वास नै कमजोर बनाइयो भने त्यसको मूल्य वर्तमानले मात्र होइन भावी पुस्ताले पनि चुकाउनुपर्ने हुन सक्छ। लोकतन्त्रको भविष्य कुनै एक नेताको सफलतामा होइन संस्थाहरूको सबलतामा निर्भर गर्छ।

राजा महेन्द्रले २०१७ सालमा निमोठेको प्रजातन्त्र २०४६ सालको जनआन्दोलन, २०६२/६३ को आन्दोलन र नयाँ संविधान हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा पुनः स्थापित भयो। तर संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र सुनिश्चित गरिसकेको, नियमित निर्वाचन भइरहेका र लोकतान्त्रिक संस्थाहरू औपचारिक रूपमा क्रियाशील देखिए पनि आज लोकतन्त्र भने असामान्य रूपमा रक्षात्मक अवस्थामा पुगेको अनुभूति हुन थालेको छ।

यो निष्कर्ष अतिरञ्जित लाग्न सक्छ। तर पछिल्ला राजनीतिक घटनाक्रम, विशेषतः २०८२ भदौ २४ पछिको शक्ति समीकरण, त्यसपछि विकसित राजनीतिक भाष्य र नयाँ सरकारका प्रारम्भिक संकेतहरूले लोकतान्त्रिक संस्थाभन्दा व्यक्तिकेन्द्रित राजनीति बलियो बन्दै गएकोमा चिन्ता लाग्नु अस्वाभाविक होइन।

नेपालका सबै प्रमुख राजनीतिक परिवर्तनहरूको केन्द्रमा राजनीतिक दल नै रहेका छन्। आन्दोलन, संविधान निर्माण र शासन प्रणालीका हरेक मोडमा दलका नेताहरूले नेतृत्व गरेको इतिहास छ। लोकतन्त्रमा विचार, संगठन, नीति र जनउत्तरदायित्व बोकेका राजनीतिक दल अपरिहार्य हुन्छन्। त्यसैले दलप्रतिको असन्तुष्टि स्वाभाविक भए पनि बहुदलीय प्रणालीप्रतिको अविश्वासलाई लोकतन्त्रको विकल्पका रूपमा प्रस्तुत गरिनु गम्भीर विषय हो।

**निर्दलीयताको पुनरागमनको भाष्य**

विसं २०४६ पछि पनि निर्दलीय पञ्चायतका समर्थकहरू विभिन्न रूपमा सक्रिय रहे। नयाँ संविधान जारी भएपछि 'दलहरू असफल भए', 'नेताहरूले देश बिगारे' भन्ने भाष्य नियोजित रूपमा फैलाउन थालियो। दलका नेताहरूको कमजोरी यथार्थ थियो तर त्यसको समानान्तर लोकतान्त्रिक प्रक्रियाभित्र नयाँ र सक्षम राजनीतिक शक्ति निर्माण गर्ने प्रयास अपेक्षितरूपमा अघि बढेन। परिणामतः असन्तुष्टि सुधारतर्फ नभएर दलहरूप्रतिकै वितृष्णातर्फ मोडियो।

यही मनोविज्ञान भदौ २४ पछिको राजनीतिक परिवर्तनमा स्पष्ट देखियो। पुराना दलप्रतिको असन्तुष्टि 'घन्टी' चुनाव चिन्हप्रति आकर्षणको माध्यम बन्यो। त्यो मत विकसित वैचारिक धारभन्दा पनि स्थापित नेतृत्वप्रतिको असन्तोषको अभिव्यक्ति बढी थियो। निर्वाचनपछि प्रत्यक्ष दलविरोधी अभियान केही मत्थर देखिए पनि त्यसको आधारभूत प्रवृत्ति भने समाप्त भएको छैन।

**रास्वपाको वास्तविक परीक्षा**

राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारको नेतृत्व गर्न सफल भएको छ। अब उसको सबैभन्दा ठूलो चुनौती चुनाव जित्नु नरहेर चुनावी जनसमर्थनलाई स्थायी राजनीतिक संगठनमा रूपान्तरण गर्नु हो। चुनाव चिन्हले विजय दिलाउन सक्छ तर लोकतान्त्रिक राजनीति भने विचार, संगठन, आन्तरिक लोकतन्त्र र संस्थागत उत्तरदायित्वमा मात्र टिक्छ। लोकप्रियता संस्थागत संस्कृतिमा रूपान्तरण हुन सकेन भने आकस्मिक जनलहर क्षणमै हराउन सक्छ।

निर्वाचनअघिसम्म रास्वपाले क्रमशः राजनीतिक दलका रूपमा विकसित हुने संकेत देखाइरहेको थियो। तर सरकार गठनपछिका प्रारम्भिक गतिविधिले पार्टी र सरकारबीचको सम्बन्ध कति संस्थागत हुन्छ भन्ने प्रश्न उठाएको छ। यही प्रश्नको उत्तरले यसको दीर्घकालीन भविष्य निर्धारण गर्नेछ।

**संसदीय व्यवस्थाको आधार**

संसदीय लोकतन्त्र व्यक्तिको लोकप्रियताभन्दा संस्थागत उत्तरदायित्वमा टिकेको हुन्छ। प्रधानमन्त्री जनताप्रति मात्र होइन आफ्नै संसदीय दल र संसद्प्रति पनि उत्तरदायी हुन्छ। यही उत्तरदायित्वले कार्यकारी शक्तिलाई लोकतान्त्रिक सीमाभित्र राख्छ।

यस सन्दर्भमा अहिले उठेका प्रश्नहरू महत्त्वपूर्ण छन्। पार्टीभित्र निर्णय प्रक्रिया कति संस्थागत हुन्छ ? संसदीय दलको भूमिका कति प्रभावकारी रहन्छ ? सरकार सञ्चालनमा सामूहिक निर्णयको अभ्यास हुन्छ कि व्यक्ति निर्णायक हुन्छ ? पार्टी, संसदीय दल र संसद्को भूमिका क्रमशः कमजोर हुँदै गयो भने त्यसले एउटा दलमात्र होइन समग्र संसदीय प्रणालीलाई असर पार्न सक्छ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहको व्यक्तिकेन्द्रित राजनीतिक शैलीले ठूलो जनसमर्थन पायो। तर स्थानीय तहमा प्रभावकारी देखिएको शैली राष्ट्रिय संसदीय राजनीतिमा जस्ताको तस्तै लागु हुन्छ भन्ने छैन।

संसदीय शासनमा निर्णय दल, संसद्, मन्त्रीपरिषद् र संवैधानिक संस्थाबीचको निरन्तर समन्वयबाट अघि बढ्छ। त्यसैले लोकप्रियता लोकतान्त्रिक संस्थागत अभ्यासभित्र कसरी समाहित हुन्छ भन्ने प्रश्न नै अहिले निर्णायक बनेको छ।

**दुईतिहाइ बहुमत र संविधान संशोधन**

संसदीय व्यवस्थामा सरकार सञ्चालनका लागि संसद्को स्पष्ट बहुमत आवश्यक हुन्छ। तर दुईतिहाइ बहुमतलाई असीमित राजनीतिक अधिकारका रूपमा बुझ्नु उचित हुँदैन। संविधान संशोधनका लागि संख्यामात्र होइन, व्यापक राजनीतिक सहमति र राष्ट्रिय स्वीकार्यता पनि अपरिहार्य हुन्छ। त्यसैले संविधान संशोधनलाई दैनन्दिन राजनीतिक प्रतिस्पर्धाभन्दा माथि राखेर हेर्नु लोकतान्त्रिक परिपक्वताको संकेत हो।

त्यसैगरी, राजनीतिक अस्थिरताको समाधानका रूपमा प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस पनि तीव्र बन्दै गएको छ। तर शासन प्रणालीको सफलता निर्वाचनको विधिमा होइन राजनीतिक संस्कार, संस्थागत क्षमता र कानुनको शासनमा निर्भर गर्छ। कार्यकारी प्रत्यक्ष निर्वाचित भए पनि संसद्, राजनीतिक दल, न्यायपालिका र संवैधानिक संस्थाबिचको सन्तुलन अपरिहार्य रहन्छ।

**लोकतन्त्रको मूल प्रश्न**

नेपालको अहिलेको वास्तविक चुनौती कुनै एउटा दल वा सरकारभन्दा ठूलो छ। प्रश्न यो हो -दलप्रतिको जनअसन्तुष्टिलाई लोकतान्त्रिक सुधारतर्फ लैजाने कि संस्थाप्रतिको अविश्वासतर्फ ?

दलहरू आलोचनाभन्दा माथि छैनन्। शासन, सुशासन, आन्तरिक लोकतन्त्र र नेतृत्व विकासमा देखिएका कमजोरीकै कारण नयाँ राजनीतिक शक्तिका लागि अवसर सिर्जना भएको हो। तर त्यसको समाधान दलीय व्यवस्थालाई अस्वीकार गर्नु होइन त्यसलाई सुधार्नु हो।

लोकतन्त्रमा पुराना दल कमजोर हुन सक्छन्, नयाँ दल जन्मन सक्छन् र नेतृत्व फेरिन सक्छ। यही लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। तर राजनीतिक दलको विकल्प व्यक्तिवाद वा निर्दलीयता बन्न सक्दैन। आजको आवश्यकता कुनै एक दलको रक्षा गर्नु नभएर संसदीय लोकतन्त्रका संस्थागत आधारलाई बलियो बनाउनु हो।

सशक्त प्रतिपक्ष, उत्तरदायी सरकार, स्वतन्त्र न्यायपालिका, जिम्मेवार सञ्चारमाध्यम र सचेत नागरिक समाजले मात्र लोकतन्त्रलाई दीर्घकालसम्म सबल बनाउन सक्छन्। दलप्रतिको असन्तुष्टिको आवेगमा लोकतान्त्रिक संस्थाहरूप्रतिको विश्वास नै कमजोर बनाइयो भने त्यसको मूल्य वर्तमानले मात्र होइन भावी पुस्ताले पनि चुकाउनुपर्ने हुन सक्छ। लोकतन्त्रको भविष्य कुनै एक नेताको सफलतामा होइन संस्थाहरूको सबलतामा निर्भर गर्छ।

बाह्रखरीबाट

# नेप्से ३३.२८ अंकले घट्दा ६ अर्ब ८ करोडको कारोबार



काठमाडौं। साताको पहिलो कारोबार दिन सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट आएको छ। गत साता सुधारको लयमा देखिएको बजार सोमबार पुनः ओरालो लागेको हो।

नेप्से परिसूचक ३३.२८ अंकले घटेर २,७०१.३२ विन्दुमा झरेर रोकिएको छ। बजार खुलेदेखि नै गिरावटको क्रम जारी थियो। समग्रमा परिसूचक १.२१ प्रतिशतले घटेको छ। कुल ३६० कम्पनीका १ करोड ३९ लाख २५ हजार ३३७ कित्ता शेयर किनबेच हुँदा कुल ६ अर्ब ८ करोड ८६ लाख रुपैयाँ बराबरको कारोबार भएको छ। बजारमा कुल ६९ हजार ८०३ वटा कारोबार भएका छन्।

कुल ३६ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ भने २३४ कम्पनीको मूल्य घटेको छ। बाँकी ५ कम्पनीको शेयर मूल्य भने स्थिर रहेको नेप्सेले जनाएको छ। घट्दो बजारमा पनि सबैभन्दा धेरै कमाउनेमा एभरेष्ट कलर लिमिटेड रहेको छ, जसको मूल्य १४.९९ प्रतिशतले बढेको छ। अरु कुनै पनि कम्पनीको मूल्यमा उल्लेख्य वृद्धि छैन। आत्मनिर्भर लघुवित्तको १३ प्रतिशतले घटेको छ।

बैंकिङ र म्युचुअल फण्ड बाहेक सबै समूह घटेका छन्। उत्पादन ब्यापार र होटल क्षेत्रमा २ प्रतिशतभन्दा धेरै गिरावट छ। कारोबार रकमका आधारमा रिलायन्स स्पिनिङ मिल्स ३३ करोड ८६ लाख ६६ हजार ५८१ रुपैयाँसहित शीर्ष स्थानमा रहेको छ। त्यसैगरी ग्लोबल आईएमई बैंक, रिडी हाइड्रोपावर, कुमारी बैंक र सेन्ट्रल फाइ क्रमशः सर्वाधिक कारोबार हुने अन्य कम्पनीको रुपमा रहेका छन्।

# सुनसरीमा प्रहरीको गोलीले एकको मृत्यु, २२ घाइते, सीडीओ र डीआईजीको सरुवा

बुटवल । सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा कर्फ्युआदेश उल्लंघन गर्दै प्रदर्शनकारीले आगजनी र तोडफोड सुरु गरेपछि नेपाली सेना परिचालन गरिएको छ।

परिस्थिति नियन्त्रणबाहिर पुगेको भन्दै नेपाली सेना परिचालन गरिएको हो । बख्तरबन्द गाडी र अत्याधुनिक हतियारसहित सेनाको टोली मैदानमा खटिएपछि मात्रै तनावग्रस्त क्षेत्रको अवस्था क्रमशः नियन्त्रणमा आएको स्थानीय प्रशासनले जनाएको छ । सुनसरीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेका अनुसार सोमबार बिहानदेखि कर्फ्यु अवज्ञा गर्दै सडकमा उत्रिएको भिडले टायर बालेर प्रदर्शन गरेपछि स्थिति तनावग्रस्त बनेको थियो ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको ठूलो टोली परिचालन भए पनि बढ्दो भिड नियन्त्रण गर्न कठिन भएपछि नेपाली सेना परिचालन गर्नु परेको उनले बताए । बख्तरबन्ध गाडीसहित सेनाको हतियारधारी टोली कप्तानगन्ज पुगेर फिल्डमा खटिएको र त्यसपछि प्रदर्शनकारी तितरबितर भएका जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ।

सेनाको टोली पुग्नुअघि नै प्रदर्शनकारीले पाँचवटा पसलमा तोडफोड र सामानमा आगजनी गरिसकेका थिए। प्रहरीका अनुसार एउटा फार्मेसी, एउटा मोटरसाइकल मर्मत गर्ने ग्यारेज र तीनवटा किराना पसलमा तोडफोड गरी भित्र रहेका सामान सडकमा निकालेर आगो लगाइएको छ।

सुनसरीको देवानगञ्जमा आइतबार राति प्रहरीको गोली लागेर एक प्रदर्शनकारीको मृत्यु र सुरक्षाकर्मीसहित २२ जना घाइते भएका थिए।

घटनापछि जिल्ला प्रशासन कार्यालय सुनसरीले जिल्लाका विभिन्न पाँच क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ। सुनसरी घटनाको विरोधमा विराटनगर, सप्तरी र सिरहामा समेत प्रदर्शनहरु भएका छन्।

सरकारले सुनसरी घटना छानबिनका लागि पाँच सदस्यीय समिति गठन गरेको छ । गृह मन्त्रालयले सहसचिव भुपेन्द्र थापाको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए।

समितिलाई घटनाको सत्यतथ्य जाँचबुझ गरी एक हप्ताभित्र प्रतिवेदन बुझाउन भनिएको छ।

समितिमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र ऊर्जा मन्त्रालयका प्रतिनिधिलाई पनि सदस्य राखिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी सदस्य सचिव रहनेछन् । सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगन्जमा आइतबार राति दुई समूहबीच भएको विवाद नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको थियो।

देवानगञ्ज घटनापछि उत्पन्न परिस्थितिलाई सामान्य बनाउन सामाजिक सद्भाव कायम गराउँदै शान्ति सुव्यवस्था कायम गराउने निर्णय भएको छ। जिल्ला प्रशासन कार्यालय सुनसरी, इनरुवामा सोमबार भएको सर्वपक्षीय छलफलले सामाजिक सद्भाव कायम राख्दै शान्ति सुव्यवस्था कायम गर्ने निर्णय गरेको छ।

आइतबार राति देवानगञ्जमा दुई पक्षबीच विवाद भई झडपको अवस्था आएको थियो। त्यस क्रममा सुरक्षाकर्मीको गोली लागेर एक युवाको मृत्यु भएको थियो। परिस्थितिलाई काबुबाहिर जान नदिन र शान्ति सुव्यवस्था कायम गराउने विषयमा सुनसरीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेको पहलमा सर्वपक्षीय छलफल आयोजना गरिएको थियो। सुनसरीमा भएको घटनालाई लिएर त्यहाँका प्रमुख जिल्ला अधिकारी (सीडीओ) बासुदेव घिमिरेसहित सुरक्षा निकायका प्रमुखहरुलाई फिर्ता बोलाएको छ । घिमिरेलाई गृह मन्त्रालयमा फिर्ता बोलाएर उनको ठाउँमा संखुवासभाका सीडीओ ईश्वरीप्रसाद अर्याललाई खटाइएको छ । यस्तै, कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक (डीआईजी) विनोद घिमिरेलाई प्रहरी प्रधान कार्यालय, काठमाडौं तानिएको छ भने प्रहरी प्रधान कार्यालयमा कार्यरत डीआईजी शेखर खनाललाई कोशी प्रदेश प्रहरी कार्यालय पठाउने निर्णय गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख, प्रहरी उपरीक्षक(एसपी) केशव थेवेलाई भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल खटाइएको छ। थेवेको स्थानमा उक्त विमानस्थलमा कार्यरत एसपी पुष्पराज मल्ललाई खटाउने निर्णय गरिएको छ।

# देवदह व्यापार संघको १३औं स्थापना दिवस




देवदह । देवदह व्यापार संघले विभिन्न सामाजिक उत्तरदायित्वको काम गर्दै आफ्नो १३औं स्थापना दिवस मनाएको छ । रक्तदान, निःशुल्क आँखा शिविर तथा गौशालामा रहेको गाई व्यवस्थापनमा सहयोग गर्दै संघले स्थापना दिवस मनाएको हो।

संघले देवदह नगरपालिका-९, घोडाहामा रहेको गौशालामा रहेका गाई व्यवस्थापन गर्ने गरी पराल, नुन, चापटलगायतका सामग्री प्रदान गरिएको संघका अध्यक्ष माधव ढकालले जानकारी दिए । यसैगरी स्थापना दिवसको अवसरमा निःशुल्क आँखा शिविरसंगै रक्तदान कार्यक्रम समेत गरेको छ। सामाजिक उत्तरदायित्वअन्र्तगत निशुल्क आखा शिविर, रक्तदान र गौशालालाई सहयोग गरेको हो।

स्थापना दिवसको अवसरमा आयोजित रक्तदानमा ६७ पिन्ट रगत संकलन भएको कार्यक्रम संयोजक पवन पौडेलले जानकारी दिए। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोग र नेपाल स्वयमसेवी रक्तदाता समाज देवदहको व्यवस्थापनमा उक्त कार्यक्रम भएको पौडेलले बताए।

रक्तदान कार्यक्रममा ग्रिनप्लान्ट आवासीय मावि, सगरमाथा आवासीय मावि, देवदह बुद्धपव्लिक आवासीय मावि, सेभेनस्टार बोडिङ्ग स्कुलका विद्यार्थी तथा संघका पदाधिकारी, सदस्यहरुले रक्तदान गरेका थिए । यसैगरी निःशुल्क आँखा शिविरमा ५५ जनाको आँखा परिक्षण गरिएको संघले जनाएको छ । निःशुल्क आँखा शिवरमा नेप स्पेक्स आँखा उपचार केन्द्र देवदह खैरेनीको प्राविधिक सहयोग रहेको थियो।

स्थापना दिवसको अवसरमा आयोजित शुभकामना कार्यक्रममा बोल्दै देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गले रक्तदान सवैभन्दा ठूलो दान भएको बताइन्। उनले देवदह नगरपालिकाले स्थानीयवासीलाई वार्षिक १० पिन्ट रगत उपलब्ध गराउँदै आएको जनाइन् । उप-प्रमुख गुरुङ्गले रगतको अभावमा कसैको पनि ज्यान नजाओस भनेर रक्तसञ्चार केन्द्र संग समन्वय र सहकार्य गरी देवदहवासीलाई बार्षिक रुपमा १० पिन्ट रगत उपलव्ध गराउँदै आएकोख बताइन्।

देवदह व्यापार संघका अध्यक्ष माधव ढकालको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगरपालिका-२, का वडाध्यक्ष दलबहादुर राकासकोटी, तिलोत्तमा व्यापार संघका नेत्रप्रसाद न्यौपाने, नेपाली कम्यूनिष्ट पार्टीका मोतीलाल ढकाल, स्वणीम सगरमाथा क्याम्पस प्रमुख कृष्णप्रसाद पौडेल, संघका सल्लाहकार विष्णुप्रसाद पौडेललगायतले बोल्दै व्यवसायिक संघसंस्थाहरुले आर्थिक विकासमा बहस गर्न आवश्यक रहेको औल्याएका थिए।

---

**नेपालको ...**

विद्युत् आपूर्ति अवरुद्ध भए पनि आकस्मिक बत्ती निरन्तर बलिरहने र केही समयमा नै जेनेरेटरबाट विद्युत् आपूर्ति सुरु हुने व्यवस्था गरिएको छ।

विगतमा नागढुङ्गा सडक पार गरेर सिस्नेखोला पुग्न जाम नहुने अवस्थामा पनि ४५ मिनेट लाग्ने गर्थ्यो। तर गुर्जुधाराको फ्लाइओभर हुँदै सुरुङमार्गबाट सिस्नेखोलासम्म पुग्न २० मिनेट मात्र लाग्ने प्रवक्ता अधिकारीले जानकारी दिइन् । यससँगै राजधानी भित्रिने र बाहिरिने यात्रुका लागि यात्रा सुरक्षित, सहज र छिटो हुने अपेक्षा गरिएको छ।

**शिलान्यासको शिलालेख पुनर्स्थापना गरिने**

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले नागढुंगा-सिस्नेखोला सुरुङमार्ग शिलान्यासको शिलालेख पुनर्स्थापना गरिने बताएका छन्।

सोमबार सुरुङमार्गको उद्घाटनपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै मन्त्री लम्सालले आफूहरूले इतिहासलाई सम्मान गर्ने बताए । सुरुङमार्गको शिलान्यासाबाट तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नाम हइटाएको विषयमा सञ्चारकर्मीले सोधेको प्रश्नको उत्तरमा मन्त्री लम्सालले पुनर्स्थापना गरिने बताएका हुन्। 'हामी त्यसलाई फेरि पुनर्स्थापना गर्छौं ।'- उनले भने । उनले इतिहासलाई सम्मान गर्नुपर्ने र गर्ने बताए। जेनजी आन्दोलनका क्रममा भवनमा लागलागी हुँदा शिलान्यासको शिलालेख पनि हराएको जानकारी पाएको उनको भनाइ थियो।

**प्रेस...**

त्यो सन्धिप्रति उनी आलोचक थिए। त्यस विषयमा उनले निरन्तर लेखे।

महाकाली सन्धिबारे लेखिएको उनको चर्चित सामग्री बुलको पर्व शीर्षकमा प्रकाशित भएको थियो । ज्ञवाली विशेषगरी भुइँमान्छेको स्वर बाहिर ल्याउन चाहन्थे । जसको आवाज कसैले सुन्दैन, तिनका समस्या उजागर गर्ने काममा उनको बढी रुचि रह्यो।

दीर्घ पत्रकारिता यात्राका क्रममा उनले नेपाल पत्रकार महासंघबाट प्रदान गरिने प्रेस स्वतन्त्रता सेनानी सम्मान, रुपन्देही पत्रकार महासंघको उत्कृष्ट पत्रकारिता पुरस्कार, नेपाल सरकारको वरिष्ठ पत्रकार सम्मान, गोपाल गोतामे स्वर्ण पदक तथा लुम्बिनी प्रदेश सरकारबाट प्रदान गरिएको सामाजिक सेवा पदकलगायत दर्जनौं सम्मान पाएका थिए।

ज्ञवालीको पत्रकारिता यात्रा र सरल जीवन शैली एक व्यक्तिको जीवनी मात्र होइन, नेपाली मोफसल पत्रकारिताको संघर्ष, साहस र समाज परिवर्तनको इतिहास पनि हो।

दैनिक लुम्बिनीका पूर्व स्तम्भकार /लेखक स्वर्गीय ज्ञवालीको निधनप्रति सिद्धार्थ पब्लिकेसन्स प्रालि परिवार गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना।

**सुनसरी...**

साथै, सरकारले घटनाको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गरी सत्य तथ्य सार्वजनिक गर्न तथा दोषीमाथि कानुन बमोजिम कारबाही गर्नुपर्ने माग गरेका छन्।

सुरक्षाकर्मीले कानुनको पालना गर्दै अधिकतम संयमता अपनाएर शान्ति र सुरक्षाको वातावरण कायम गर्नुपर्ने उनको भनाइ छ । साथै, अफवाह र उक्साहटको पछि नलागी संवाद, सहिष्णुता र कानुनी प्रक्रियामार्फत् समस्याको समाधान खोज्न उनले सबैमा अपिल गरेका छन्।

यसैबिच प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका छन्।

आङदेम्बेले सोमबार बिहान शीतलनिवासमा राष्ट्रपति पौडेलसँग करिब एक घण्टा भेटवार्ता गरेका हुन्। भेटमा समसामयिक राजनीतिक परिस्थिति र संसदीय गतिविधिबारे छलफल भएको आङदेम्बेको सचिवालयले जनाएको छ।

यससँगै आङदेम्बेले देशका विभिन्न स्थानमा गएको बाढीपहिरोको, प्रभावित नागरिककोउद्धार,राहतरपुनर्स्थापनाबारे पनि राष्ट्रपति पौडेललाई जानकारी गराएका थिए।

भेटवार्ताका क्रममा राष्ट्रपति पौडेलले राजनीतिक स्थिरताको आवश्यकता औंल्याउँदै कानुन निर्माणमा संसद्को प्रभावकारिता बढाउनुपर्नेमा जोड दिएका थिए।

यस्तै, बाढीपहिरो प्रभावितको उद्धार, राहत र पुनर्स्थापनामा सबै पक्षबिच समन्वय र सहयोग आवश्यक रहेको राष्ट्रपति पौडेलले बताएका थिए।

**लुम्बिनीमा ...**

एमाले र नेकपाले केन्द्रमा गरेको सहमतिअनुसार लुम्बिनी सरकारको नेतृत्व एमालेको भागमा परेको छ । एमालेभित्र हालका मुख्यमन्त्री चेतनारायण आचार्यलाई निरन्तरता दिने कि यसअघि दल नेता रहेका र मुख्यमन्त्री नियुक्त हुन ठीक्क परेका बेला अन्तिममा पार्टी केन्द्रबाट हटाइएका लीला गिरी, पूर्वमन्त्री रहेका भूमिश्वर ढकाल र संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठले मुख्यमन्त्रीमा दावी गरिरहेका छन्।

चारै जनाले दाबी गरेपछि पार्टी केन्द्रले टुंगो लगाउन सकेको छैन । माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजीत थारुले केन्द्रमा सहमति भइसके पनि प्रदेशस्तरमा सरकार गठन, मन्त्रालय बाँडफाँट तथा अन्य विषयमा एमालेसँग औपचारिक छलफल नभएको बताए।

लुम्बिनीमा एमाले र नेकपाको सामान्य बहुमत पुग्छ। ८७ सदस्यीय प्रदेशसभा अहिले ८३ सदस्यीय कायम छ । यसमध्ये एमालेका २९ र नेकपाका सभामुखसहित १३ जना छन् । बहुमतका लागि ४२ जना आवश्यक पर्छ । एकजना पूर्व माओवादी स्वतन्त्र सांसदले पनि एमाले - नेकपा गठबन्धनलाई समर्थन गर्नेमा नेकपा विश्वस्त छ।

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही**

## विषयः प्रमाणित सम्बन्धमा ।



**जो जससँग सम्बन्धित छ।**
**प्रकाशित मितिः २०८३/०४/१२**

जिल्ला रुपन्देही शुद्धोधन गाउँपालिका वडा नं. ०२ बस्ने विर बहादुर खड्काले आफू भारत सरकारको भू.पु. पे.सै. नं. ५८४२७२८ हवल्दार पदको पेन्सनर रहेकोमा निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर तिल कुमारी खड्का र जन्म मिति वि.सं. २०१७/०९/१० (ई.सं. १९६०/१२/२४) उल्लेख भएको र पेन्सन अभिलेखमा पत्नीको नाम थर तिलक देवी र जन्म मिति ई.सं. १९५०/०१/१५ उल्लेख भई नाम थर फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरीपाँउ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित शुद्धोधन गाउँपालिका ०२ नं. वडा कार्यालयको च.नं. २८२३ मिति २०८३/०३/३० को सिफारिस पत्र र यस कार्यालयको च.नं. ६८४ मिति २०७९/०४/१७ को सिफारिस पत्रमा समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ।

**प्रमुख जिल्ला अधिकारी**

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
# जिल्ला प्रशासन कार्यालय
**स्याङ्जा**

## सिफारिस सम्बन्धमा

प्रस्तुत विषयमा स्याङ्जा जिल्ला साविक जगत्रदेवी गा.वि.स. वडा नं ३ हाल गल्याङ नगरपालिका वडा नं २ निवासी भार तीय भु.पु. सैनिक जे. सी.नं. ६०७१६९ सुवेदार २ / ३ जि. आर. झमन प्रसाद कर्मचारीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर झमन प्रसाद कर्माचार्य जन्म मिति २०१३/११/४ गते उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा निजको नाम थर झमन प्रसाद कर्मचारी जन्म मिति २०१६/८/१४ गते भइ फरक फरक नाम थर जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि उक्त नगरपालिका २ नं वडा कार्यालयको च.नं २९३ मिति २०७४/१०/०७ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ। साथै स्याङ्जा जिल्ला साविक जगत्रदेवी गा.वि.स. वडा नं ३ हाल गल्याङ नगरपालिका वडा नं २ निवासी भारतीय भु.पु. सैनिक जे. सी.नं. ६०७१६९ सुवेदार २/३ जि.आर. झमन प्रसाद कर्मचारीको श्रीमती रविन कर्मचारीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर रविन्द्र कर्माचार्य श्रेष्ठ जन्म मिति वर्ष १६ उल्लेख भएको र निजको पतिको भारतीय सैनिक अभिलेखमा निजको नाम थर रविन कर्मचारी जन्म मिति २०२३/५/२५ भइ फरक फरक नाम थर जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि उक्त नगरपालिका २ नं वडा कार्यालयको च.नं २९४ मिति २०७४/१०/०७ को पत्रबाट लेखी आएकोले सो ही ब्यहोरा प्रमाणित गरिन्छ।



झमन प्रसाद कर्माचार्य



रविन्द्र कर्माचार्य

**– प्रमुख जिल्ला अधिकारी**

---

# कर्मचारी आवश्यकता

(विज्ञापन प्रकाशित मितिः २०८३/०४/१२)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्रात राष्ट्रियस्तरको उन्नति सहकार्य लघूवित्त वित्तीय संस्था लिमिटेडलाई देहाय बमोजिमको पदमा कर्मचारी आवश्यक भएकोले योग्यता पूगेका परिणाममुखी इच्छूक नेपाली नागरिकबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका पदहरुमा दरखास्त आह्वान गरिन्छ।

| विज्ञापन नं. | पद | श्रेणी | संख्या | योग्यता |
|---|---|---|---|---|
| ९/२०८३/०८४ | अधिकृत / वरिष्ठ अधिकृत | अधिकृत | केहि | मान्यता प्राप्त शैक्षिक संस्थाबाट चार्टड एकाउन्टेन्टस, सि.पि.ए. वा सि.सि.ए. विषय वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी सेमी सि.ए. गरेको। |
| १०/२०८३/०८४ | कनिष्ठ अधिकृत / अधिकृत | अधिकृत | केहि | अधिकृत पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा एक तहमुनिको पदमा कम्तीमा ४ वर्ष कार्यानूभव भएको हुनु पर्नेछ। कनिष्ठ अधिकृत पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा एक तहमुनिको पदमा कम्तीमा ३ वर्ष कार्यानूभव भएको हुनु पर्नेछ। |
| ११/२०८३/०८४ | सहायक / वरिष्ठ सहायक / सूपरभाईजर | सहायक | केहि | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा एक तह मूनिको पदमा २ वर्षको कार्यानूभव भएको हुनु पर्नेछ। |
| १२/२०८३/०८४ | कनिष्ठ सहायक प्रशिक्षार्थी | सहायक | केहि | मान्यता प्राप्त शैक्षिक संस्थाबाट, एसईई वा सो सरह परीक्षा उत्तीर्ण भई कम्प्यूटर सम्बन्धि ज्ञान भएको। |

**विज्ञापन सम्बन्धी थप ब्यवस्थाहरुः**

१. दरखास्त दिने प्रकृयाःनेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनूभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि, यस वित्तीय संस्थामा सेवा गर्न ईच्छुक हूनूको बारेमा १ पेजको हस्त लिखित आलेख सहितको निवेदन तथा बायोडाटा (CV) संलग्न गरी पेश गर्नू पर्नेछ। दरखास्त फाराम वित्तीय संस्थाको Website : www.unnatislbs.com.np/Careers मा गई आवश्यक विवरण भरी Apply गर्न सकिनेछ।
२. उमेरको हदः आवेदन दिने अन्तिम मितिसम्म अधिकृत श्रेणीको लागि २१ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, अन्य पदको लागि १८ वर्ष पूरा भई घछ वर्ष ननाघेको, महिला उम्मेदवारहरुको हकमा माथिल्लो उमेरको हदमा छ वर्ष थप हूनेछ, वित्तीय संस्थामा वहालवाला कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन।
३. परीक्षाको किसिमःसहायक श्रेणीको लागि अन्तरवार्ता र अधिकृत श्रेणीको लागि अन्तरवार्ता तथा प्रस्तूतिकरण रहनेछ।
४. तलब, भत्ता, तथा अन्य सूविधा : वित्तीय सस्थाको नियमानूसार।

**नोट :** रितपुर्वक प्राप्त दरखास्तहरु मध्यबाट छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र छनौट प्रकृयाको लागि सम्पर्क गरिनेछ। अन्तरवार्तामा आउदा सम्बन्धित कागजातहरुको सक्कल प्रमाण पत्रहरु साथ ल्याउनू पर्नेछ। कर्मचारी छनौट प्रकृया स्थगन गर्ने, रद्ध गर्ने, लगायत कर्मचारी छनौट सम्वन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार यस वित्तीय संस्थाको पदपुर्ति समितिमा निहित रहनेछ।

**पदपूर्ति समितिः**

**उन्नति सहकार्य लघुवित्त वित्तीय सस्था लिमिटेड**
**Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited**
सि.न.पा.– १२, रुपन्देही

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**सडक किनारमा तरकारी बेच्दैः**
कास्कीको पोखरा महानगरपालिका-९ पृथ्वीचोकको बसपार्क क्षेत्रको सडक किनारमा बसेर तरकारी बेच्दै व्यवसायी । महानगरले त्यहाँ रहेका घरटहरा हटाएपछि व्यवसायीले खुला ठाउँमा बसेर व्यवसाय गर्दै आएका छन् । तस्विरः रासस

# मणिमुकुन्दका विद्यार्थीद्वारा सरसफाइ जनचेतना ऱ्याली



बुटवल । बुटवल योगिकुटीस्थित मणिमुकुन्द कलेजका विद्यार्थीहरुले सरसफाइ जनचेतना ऱ्यालीसहित फोहर संकलन गरेका छन् । ऱ्याली र फाहोर संकलन कलेजबाट सुरु भएर देबसिद्ध चोक, ओलिपथ, रंगशाला, शान्तिचोक हुँदै कलेजमा पुगेर समापन भएको थियो । समापन कार्यक्रममा बुटवल उप-महानगरपाकिला ११ का वडा अध्यक्ष रामचन्द्र खनाल क्षेत्रीले मणिमुकुन्द कलेजका विद्यार्थीहरु फोहोर संकलनमा सहभागी भई सरसफाई जनचेतना जगाउन ऱ्याली समेत आयोजना गर्नु सराहनीय काम भएको भन्दै यसले नगरको वातावरण संरक्षणमा टेवा पुग्ने बताए ।

कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले कलेजले शैक्षिक क्रियाकलापसँगै सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय सरकार सहकार्यमा समाजको माग र आवश्यकता अनुसार कार्यक्रम गर्न सधैं तयार रहेको जनाए । उक्त कार्यक्रममा आयोजक संस्था मैनादेबी फाउन्डेसनका सरोज घिमिरे र तपेश जैसी तथा कार्यक्रम सञ्चालक गिरिराज खनाललगायतले पनि मन्तव्य राखेका थिए । बुटवल उप-महानगरपालिकाको सहकार्यमा बुटवलका १५ विद्यालय इन्भाइरन्मेन्ट प्रिमियर लिग (इपीएल) मा सहभागी छन् ।

# वालिङ नगरपालिकाले जडीबुटी खेती प्रवर्द्धन गर्दै



**प्रकाश डोटेल**
*स्याङ्जा*

खाली र बाँझो जग्गा सदुपयोग गर्दै जडीबुटी खेतीमार्फत आयआर्जनका अवसर सिर्जना गर्ने उद्देश्यले वालिङ नगरपालिकाले जडीबुटी खेती प्रवर्द्धनात्मक अभियान सुरु गरेको छ । वालिङ नगरपालिका-८ कुमस्वाँरा क्षेत्रमा एकमुष्ठ एक हजार वटा तुलसीसँगै विभिन्न बहुमूल्य प्रजातिका जडीबुटी तथा वनस्पतिका बिरुवा रोपण गर्दै अभियान सुरु गरिएको हो ।

कुमस्वाँरा क्षेत्र आचार्य बालकृष्णको जन्मस्थलसमेत भएकाले उक्त क्षेत्रलाई जडीबुटीको उत्पादन र प्रवर्द्धनमार्फत् विशेष पहिचान स्थापित गर्ने नगरपालिकाको योजना रहेको छ । बालकृष्णको जन्मभूमिको प्रचारप्रसारसँगै भारतीय कम्पनी पतञ्जलीसँगको सहकार्यमा स्वरोजगारमुलक र आयआर्यजनमुखी जडीबुटी खेती विस्तार गर्ने उद्देश्यले अभियान थालिएको वालिङ नगरपालिकाका नगर उप-प्रमुख कविता गैह्रेले बताइन् ।

नगरपालिकाले जडीबुटी उत्पादनका लागि झण्डै १५० रोपनी जग्गा १५ वर्षका लागि वार्षिक दुई लाख रुपैयाँ तिर्ने गरी भाडामा लिएको छ । सार्वजनिक र व्यक्तिगत बाँझो जग्गालाई व्यवस्थित रूपमा उपयोग गर्ने योजना बनाइएको छ । तुलसीलगायत मूल्यवान प्रजातिका जडिबुटी रोपण गरी बोटानिकल गार्डेन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने नगरपालिकाले लक्ष्य राखेको छ ।

कुमस्वाँरामा पहिलो चरणमा तुलसीसँगै सिउलीघान तथा घेराबार क्षेत्रमा काउछो, घोलटाप्रेलगायतका विभिन्न प्रजातिका जडीबुटी रोपण गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाभित्र उपलब्ध जडीबुटी तथा वनस्पतिको पहिचान खुल्ने गरी व्यवस्थापन गर्दै लैजाने तयारी छ । नगरपालिकाले आफ्नै जडीबुटी नर्सरी तयार पारेको छ भने बहुमूल्य बिरुवा स्वरोजगार र आयआर्जनमा केन्द्रित हुन सर्वसाधारणले समेत लैजान सक्ने व्यवस्था गरेको छ । जडीबुटीको उत्पादन र बिक्रीवितरणका लागि नगरपालिकाले सहजीकरण गर्दै निजी तथा सार्वजनिक बाँझो जग्गालाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सकिने अपेक्षा गरिएको छ । उत्पादित जडीबुटी खरिद गर्ने तथा आवश्यक सहयोग उपलब्ध गराउने विषयमा पतञ्जलीसँग समन्वय र सहकार्यको समझदारीसमेत बनिसकेको नगरपालिकाले जानकारी दिएको छ ।

जडीबुटी खेतीमा संलग्न कृषकलाई बजारको सुनिश्चित गरिएको छ । अभियानअन्तर्गत वालिङका झण्डै दुई सय परिवार कृषक प्रत्यक्ष लाभान्वित हुने अनुमान गरिएको छ । स्थानीय जनप्रतिनिधि, पतञ्जली योग समिति, कुमस्वाँरास्थित गह्रौंकालिका आमा समूह र स्थानीयले बाँझो जग्गा र आसपासका वन क्षेत्रको सदुपयोगबाट निर्यातमुखी जडिबुटी खेती गर्ने संकल्प गरेका छन् । जडीबुटीको व्यवसायिक उत्पादनले व्यापारसँगै रोजगारी सिर्जना गर्ने छ । प्राकृतिक श्रोत र साधनको पहिचान नहुँदा नसक्दा मूल्यवान वस्तु त्यत्तिकै खेरा गएको वालिङका नगरप्रमुख कृष्ण खाँणले बताए । प्राकृतिक रुपमा उपलब्ध श्रोतको पहिचान र व्यवसायिक जडीबुटी खेतीले आयआर्जनमा महत्वपूर्ण टेवा पुऱ्याउने आधारमा अभियान संचालन गरिएको उनले जनाए ।

औषधीय गुणसमेत भएको तुलसीलगायतका जडीबुटी हरिशयनी एकादशीको अवसर पारेर रोपण गर्दै अभियान सुरु गरिएको हो । प्राकृतिक जडीबुटीको संरक्षण र प्रवर्द्धनसँगै खाली तथा बाँझो जग्गाको सदुपयोगबाट स्थानीयस्तरमै स्वरोजगार र आयआर्जनका अवसर सिर्जना हुनेमा नगरपालिले विश्वास जनाएको छ ।

# बाटिका टोल विकास संस्थामा रास्वपा पराजित, एमाले विजयी

तिलोत्तमा । तिलोत्तमा नगरपालिका-१ को बाटिका टोल विकास संस्थाको निर्वाचनमा अध्यक्ष पदमा नेकपा एमाले समर्थित उम्मेदवार लक्ष्मण क्षेत्री विजयी भएका छन् ।

टोल विकास संस्थाको तेस्रो अधिवेशनअन्तर्गत अध्यक्ष पदका लागि भएको प्रतिस्पर्धामा क्षेत्रीले राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा समर्थित उम्मेदवार कृष्णप्रसाद खनाललाई पराजित गर्दै विजयी भएका हुन् । क्षेत्रीले ६९ मत प्राप्त गर्दै विजयी हुँदा खनालले ५० मत प्राप्त गरी पराजित भए । अध्यक्ष पदबाहेक अन्य सबै पदमा भने सर्वसम्मत रूपमा चयन भएका छन् । टोलमा २६० घरधुरी रहेकामा अधिवेशनमा १४१ मत खसेको थियो । ९ मत बदर भएको थियो ।

यस्तै उपाध्यक्षमा रामप्रसाद गौतम, सचिवमा चोलराज मरासिनी र कोषाध्यक्षमा सिर्जना ज्ञवाली सर्वसम्मत निर्वाचित भएका छन्। साथै अन्य सदस्यहरू पनि निर्विरोध चयन भएका छन् । गत फागुनको संसदीय चुनावमा यो वडाबाट रास्वपाले अन्य दलका भन्दा बढी मत पाएको थियो । तर चुनावबाट झण्डै दुई तिहाई मत पाएर सरकार बनाएपछि सरकार र मन्त्रीहरुका गतिविधिले सर्वसाधारण नागरिक,उद्योगी व्यवसायीमा आशा र उत्साह भन्दा निराशा बढ्न थालेको विश्लेषण हुन थालेको छ ।

सरकारले हचुवाको भरमा निर्णयहरु गर्ने, तर जनस्तर र दलहरुबाट चर्को विरोध भएपछि फिर्ता लिन बाध्य भएका थुप्रै उदाहरण छन् । हालै मात्र सरकारले शिक्षा र स्वास्थ्य उपचारमा ३ प्रतिशत तथा विद्युत्मा ५ देखि १३ प्रतिशतसम्म भ्याट कर लगाएको थियो । यो निर्णयको चौतर्फी विरोध भएपछि शिक्षा र स्वास्थ्य उपचारको कर फिर्ता लिन सरकार बाध्य भएको छ भने विद्युत्मा लगाइएको भ्याट फिर्ता लिन पनि जनस्तरबाट चर्को दबाब छ ।

बालेन साह नेतृत्वको सरकारले विना विकल्प सुकुम्वासी र अव्यवस्थित बसोवासीको बस्तीमा डोजर चलाएर घरबारविहीन र बिचल्ली बनाएपछि देशभरका नागरिकहरु सरकारसँग रुष्ट छन् । सरकारका जनविरोधी निर्णयहरुका कारण रास्वपाप्रति गत फागुनको चुनावमा देखिएको लहर निरन्तर घट्दै ओरालो लाग्न थालेको राजनीतिक विश्लेषकहरु बताउन थालेका छन् ।

निर्वाचन सम्पन्न भएपछि नवनिर्वाचित अध्यक्ष तथा सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई तिलोत्तमा १ का वडाध्यक्ष फर्सुराम गिरीलगायतले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् । साथै निर्वाचनलाई निष्पक्ष, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सहयोग गर्ने निर्वाचन समिति, स्वयंसेवक तथा मतदानमा सहभागी सम्पूर्ण टोलवासीप्रति आभार व्यक्त गरिएको छ । बाटिका टोल विकास संस्थाको नयाँ नेतृत्वले आगामी कार्यकालमा टोलको पूर्वाधार विकास, सरसफाइ, सामाजिक सद्भाव तथा स्थानीय समस्याको समाधानमा सक्रिय भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# नवउद्यमी प्रवर्द्धनमा बुटवल उद्योग वाणिज्य संघ र एनवाइइएफबिच सहकार्य



बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देही र युवा उद्यमी मञ्च (एनवाइइएफ) रुपन्देहीबिच नवउद्यमीको प्रवर्द्धन, उद्यमशीलताको विकास तथा व्यवसायिक वातावरण सुदृढ बनाउन सहकार्य गर्ने विषयमा छलफल भएको छ ।

संघको सचिवालयमा आयोजित कार्यक्रममा युवा उद्यमी मञ्चको नवनिर्वाचित कार्यसमितिलाई स्वागत तथा बधाई दिँदै बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य हरिप्रसाद अर्यालले उद्योगी-व्यवसायीका साझा समस्या समाधानका लागि सबै सरोकारवालाबिच सहकार्य अपरिहार्य रहेको बताए ।

अध्यक्ष अर्यालले बुटवल उद्योग वाणिज्य संघले स्थानीय आर्थिक विकास, उद्योग-व्यवसायको प्रवर्द्धन तथा निजी क्षेत्रको सशक्तीकरणमा निरन्तर भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै नवउद्यमीलाई प्रोत्साहन गर्ने अभियानमा युवा उद्यमी मञ्चसँग आवश्यक सहकार्य गर्न संघ प्रतिबद्ध रहेको बताए । उनले उद्यमशीलता विकास, व्यवसाय विस्तार तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा युवा उद्यमी मञ्च रुपन्देहीका अध्यक्ष अनिस कसौंधनले युवा उद्यमशीलताको विकास र नयाँ व्यवसायीलाई प्रोत्साहन गर्ने उद्देश्यले मञ्च स्थापना भएको जानकारी दिँदै संस्थाले विगतदेखि नै त्यसअनुरूपका कार्यक्रम सञ्चालन गर्दै आएको बताए ।

उनले आगामी कार्यकालका लागि तय गरिएका कार्यक्रमका बारेमा जानकारी गराउँदै युवा उद्यमी समिटको निरन्तर आयोजना, डिजिटल मार्केटिङ तथा कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिमा आधारित क्षमता अभिवृद्धि तालिम, उद्योग-व्यवसायमा प्रिभिलेज कार्ड सञ्चालन, कक्षा ८, ९ र १० का विद्यार्थी लक्षित 'युथ इङ्गेजमेन्ट' कार्यक्रम तथा स्टार्टअप संस्कृतिको प्रवर्द्धन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

अध्यक्ष कसौंधनले युवा उद्यमी मञ्च बुटवल उद्योग वाणिज्य संघको भगिनी संस्था भएकाले संघको अभिभावकत्व र निरन्तर सहकार्य आवश्यक रहेको उल्लेख गरे । उनले संघले सञ्चालन गर्दै आएको बिजनेस इन्क्युबेसन तथा व्यवसाय प्रवर्द्धनसम्बन्धी कार्यक्रममा सहकार्य गराएकोमा आभार व्यक्त गर्दै आगामी दिनमा पनि संयुक्त कार्यक्रममार्फत युवा उद्यमीलाई थप अवसर सिर्जना गर्न आग्रह गरे ।

छलफलमा दुवै संस्थाका पदाधिकारीहरूले उद्यमशीलता विकास, नवप्रवर्तन, स्टार्टअप प्रवर्द्धन तथा युवा व्यवसायीको क्षमता अभिवृद्धिका क्षेत्रमा संयुक्त पहललाई प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा संघका पदाधिकारीहरु वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, सचिव प्रतीक पोखरेल, सह-कोषाध्यक्ष धनकला खनाल कार्यसमितिका सदस्यहरु र युवा उद्यमी मञ्चका पदाधिकारी कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com